पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : ६ २०६७ भदौ ११ गते शुक्रबार (Aug 27, 2010) मूल्य रू. ५/-

## मरेका स्यालहरु लावती निवासमा

काठमाडौं / साउन ७ गते पद्मसुन्दर लावती निवासमा मरेका राजनीतिक स्यालहरूको जमघट भएको छ। पूर्व प्रम डा.तुलसी गिरी, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, राजेश्वर देवकोटा, पशुपतिशमशेर राणा, हेमबहादुर मल्ल, किशोरी महतो, चन्द्रबहादुर गुरुङसम्मको यो जमघटले संविधानसभाको औचित्य समाप्त भएको ठहर गर्दै राजतन्त्रसहितको प्रजातन्त्रमा आफ्नो भूमिका खोज्ने निष्कर्ष निकालेका छन्। यो स्यालहरूको भीडमा पुगेका जिउँदो बाघ राप्रपा नेपालका अध्यक्ष कमल थापाले सबैलाई सजग गराउँदै भनेका थिए– 'नेपालको स्वाधिनता, सार्वभौमिकता बचाउनका लागि संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्रको विकल्प छैन, नेपाल र नेपालीको अस्तित्व यही सिद्धान्तमा मात्र छ।'

यस विषयमा कुनै पनि नेताले स्पष्ट नभने पनि राजनीतिक छलफल भएको (बाँकी अन्तिम पेजमा)

# संविधानसभा पुरै नाङ्गियो

काठमाडौं / साउन ५, ७, १७ र २१ जस्तै भदौ ७ गतेको व्यवस्थापिका संसदले पनि प्रधानमन्त्री छान्न सकेन। एउटा



प्रधानमन्त्री छान्न नसक्ने संविधानसभाले भदौ २० गते छैठौं चरणको निर्वाचन मिति तोकेको छ। यस्तो गाइजात्रे संविधानसभा देशलाई किन चाहियो ? आम नागरिकले प्रश्न गर्न थालेका छन्।

आफ्नो लाज छोप्न प्रचण्डले संसदीय व्यवस्था असफल भएको हो, नेता असफल भएका छैनन् भनेपनि जनताले पत्याएनन्। आम जनताको प्रतिक्रिया छ, यस्तो नालायक संविधानसभाले शान्ति र संविधान दिन सक्दैन।

प्रचण्डका प्रत्यासी कांग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेलले भनेका छन्, संसदीय प्रणाली भनेकै बहुमतको सरकार हो, बहुमत स्पष्ट नहुञ्जेल निर्वाचन हुन्छ। आम सहमति गर्ने हो भने माओवादीले प्रतिवद्धता पूरा गर्नु पर्छ।

एमालेले राष्ट्रिय सहमतिका लागि ७ बुँदे प्रस्ताव सबै राजनीतिक दलहरूलाई वितरण गरेको छ। यो आधारपत्र पाएपछि कांग्रेसले सकारात्मक भएको टिप्पणी गरेको छ भने मओवादीले केही पनि छैन भनेर आलोचना गरेको छ। झलनाथ खनाल एमाले अध्यक्ष राष्ट्रिय सहमतिको विकल्प छैन भन्दै माओवादीका प्रचण्ड र कांग्रेसका पौडेलको उम्मेदवारी फिर्ता हुनु पर्ने र आफ्नो नेतृत्वमा राष्ट्रिय सरकार बन्नुपर्ने लविङ गरिरहेका छन्। झलनाथ खनालको यही प्रस्तावमा खेलेर प्रचण्डले कांग्रेस उम्मेदवारी फिर्ता लिन्छ भने झलनाथ खनाललाई समर्थन दिन सकिने धारणा अघि सारेका छन्। कांग्रेस र प्रजातान्त्रिक खेमा माओवादीको यो रणनीति 'वाममोर्चा' को सरकार बनाएर केही महिनापछि

(बाँकी अन्तिम पेजमा)

## भदौ २० लगत्तै बजेट पेस हुने

काठमाडौं / राजीनामा दिइसकेको सरकारले पूर्ण बजेट ल्याउने र संधिवानसभाले पास गऱ्यो भने नेपालले विश्व रेकर्ड कायम गर्ने छ। विश्वस्त स्रोतका अनुसार भदौ २० गते छैठौं चरणको प्रधानमन्त्रीको निर्वाचन हुनेछ। यो निर्वाचनले पनि प्रधानमन्त्री छान्न सक्ने सम्भावना न्यून छ। त्यस्तो भयो भने तत्काल अर्थ मन्त्रालयले तयार गरेको पूर्ण बजेट संसदमा पेश गरिने छ र संसदले पारित गर्ने छ। बजेट पास गर्नुको कुनै विकल्प बाँकी रहने छैन।

बजेट सम्बन्धमा कामचलाउ अर्थमन्त्रीले भदौ २८ गते बजेट ल्याउने र ३१ गते भित्र पास गर्न सभामुख नेम्वाङसँग कार्यतालिका प्रस्ताव गरेका छन्। नयाँ सरकार बनेपछि बजेटमा हरेफेर गर्न सक्ने अधिकार सुनिश्चित गरेर बजेट पास गर्न नयाँ सरकार नबनेको अवस्थामा सबै दल (बाँकी तीन पेजमा)

## किन दलहरू आत्महत्या गर्न खोज्दैछन्

अभियान संवाददाता

काठमाडौं / माधवकुमार नेपलाले राजीनामा दिएको खण्डमा सबै समस्याहरूको समाधान हुने अडान राख्दै आएका एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको अभिव्यक्ति अहिले झुठ सावित भएको छ। माधवकुमार नेपालले राजनीनामा दिएको ५५ दिन बितिसक्दा पनि प्रधानमन्त्री चुन्न व्यवस्थापिका संसद असफल सावित भएको छ। माधवकमुार नेपाल नेतृत्वको सरकार गिराउन हरूवा प्रधामन्त्री भन्ने पुष्पकमल दहाल पाँच/पाँच पटक व्यवस्थापिका संसदबाट चुनाव हारीसकेका छन्। माधवकुमार नेपाललाई एकटा जिल्लाको एउटा निर्वाचन क्षेत्रका जनताले चुनाव हराएका थिए भने पुष्पकमल दाहाललाई मुलुकभका जनताका प्रतिनिधिहरूले हराएका हुनाले अब पनि उनले प्रधानमन्त्रीको दाबेदारी गर्नु सत्ता लिप्सा मात्र हो।

नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले आफ्नै पार्टीका वरिष्ठ नेताको नेतृत्वमा गठन भएको सरकारलाई सहयोग र समर्थन गर्नुको सट्टा उनी प्रमुख प्रतिपक्षी दल एकीकृत नेकपा माओवादीको पुच्छर भएर माधव नेपालको सरकार विरुद्ध खनिए पनि उनको प्रधानमन्त्री बन्ने चाहना भने अझै मरेको छैन। व्यवस्थापिका संसदमा दुई तिहाई सांसदको समर्थन पाउन असफल भएकमा खनाल अहिले फेरि सहमतिको सरकारका लागि प्रधानमन्त्रीका दुवै उम्मेदवार पुष्पकमल दाहाल र रामचन्द्र पौडेलले उम्मेदवारी फिर्ता लिनुपर्ने डंक पिटिरहेका छन्। सत्ता प्राप्तिका लागि संविधान, ऐन र कानूनलाई लात हानेरै भएपनि खनाल प्रधानमन्त्री बन्न लालायित भएका छन्। सहमतिको

(बाँकी अन्तिम पेजमा)

## संविधानसभाको अर्को जात्रा भदौ २० मा

अभियान संवाददाता

काठमाडौं / प्रधानमन्त्री छान्ने पाँचौ चरणको नाटक अभ्यास भदौ ७ गते सम्पन्न भयो। एमाले, मधेसी मोर्चा तटस्थ बस्ने निर्णयले यो नाटक फोस्रो हो भन्ने सबैले अनुमान गरेको थिए, जग हँसाई गरेर पाचौं चरणको नाटक सम्पन्न भयो। अर्को जगहँसाई नाटक मञ्चनको मिति भदौ २० गते तोकिएको छ।

माधवकुमार नेपालले राजीनामा दिएको ५ घण्टामा देशले निकास पाउँछ भन्ने एमाओवादी नेता प्रचण्ड प्रधानमन्त्रीमा उम्मेदवार बनेका छन् र उनी पाँचौ पल्ट संविधानसभाबाट अस्वीकृत भएका छन्। कतिपटक अस्वीकृत भएपछि प्रचण्डको चेत खुल्छ र राष्ट्रिय सहमतिका लागि उनले पद लोलुपता छोड्ने हुन भन्ने उत्कण्ठा राजनीतिक वृत्तमा हाँसोको विषय बनेको छ। नेपाली कांग्रेस त त्यसै पनि सत्ता पाएन कि बहुलाउने दल हो उ सत्ताको नेतृत्वका लागि देशी-विदेशी मित्रहरूलाई गुहारेर साम्यवादी मोर्चाबन्दीविरुद्ध प्रजातान्त्रिक मोहर लगाउन सबै शक्ति दाउमा लागिरहेको छ। यो जातअनुसार स्वभाविक पनि हो र

(बाँकी अन्तिम पेजमा)

## नेपाली सेना र माओवादीको जुवारी

काठमाडौं / भदौ मसान्तसम्म म्याद रहेको अनमिन आवश्यक छ/छैन भन्ने विवादले राजनीतिक मुद्दाको आकार लिएको छ। नेपाली सेनाले अनमिनको म्याद थप्नु नहुने र फिर्ता पठाउनु पर्ने माग सरकारसँग गरेपछि प्रधानमन्त्रीले राजनीति बहस शुरु गरेका छन्। माओवादी सेना समायोजना नभएसम्म र शान्ति प्रक्रिया टुङ्गोमा नपुगेसम्म अनमिन रहनुपर्छ भन्ने अडान लिइरहेको छ। तर, अनमिनका सम्बन्धमा तत्कालिन प्रम गिरिजाप्रसाद कोइरालाले राष्ट्रसंघका महासचिव वान कि मुनसँग समेत अनमिन एकपक्षीय भएको गुनासो गरेको थिए। त्यस्तै धारणा माओवादी इतरका दलहरूले राखेका छन्। (बाँकी अन्तिम पेजमा)

## लडाकूलाई जगंलको सुरक्षामा

काठमाडौं / १० वर्षे जनयुद्ध सम्पन्न गरेर जंगलबाट शिविरमा पुगेका लडाकु मध्ये कतिलाई सेनामा समायोजन गर्ने भन्ने विषयमा विवाद चर्किरहेको बेला शिविरमा रहेका १९ हजार ६ सय २ मध्ये ६ देखि १२ हजार लडाकूलाई वन सुरक्षा बल गठन गरेर व्यवस्थापन गर्ने प्रस्तावमा पहल शुरु भएको छ। मन्त्रिपरिषद्ले निर्णय गरिसकेको यो प्रस्ताव कार्यन्वयन भयो भने लडाकू विवाद टुङ्गो लाग्ने निश्चित छ। शिविरका १९ हजार ६ सय २ मध्ये झण्डै ४ हजार संख्या विविध कारणले घटेको अनुमान छ। कतिपय अन्धा-अपाङ्गग भएका छन्। कतिपय प्रौढमा गनिन्छन्।

(बाँकी अन्तिम पेजमा)

## नयाँ भर्सनको राजतन्त्र आउँछ : पूर्वयुवराज

काठमाडौं / पूर्व युवराज पारस शाहले माछापुच्छ्रे एफएममा अन्तर्वार्ता दिंदै भनेका छन्, नेपालमा नयाँ भर्सनमा राजतन्त्र आउँछ। कहिले जनमत संग्रहको माग गर्ने कहिले राजतन्त्रको कुरा गर्ने पूर्व युवराज पारस शाहप्रति आजकाल जनतामा निकै चासो बढ्न थालेको छ।

पूर्व युवराज पारस शाहले नेपालमा अन्तर्राष्ट्रिय हस्तक्षेप बढी भएकोमा र तिनको ठूलो खेल भइरहेकोमा आपत्ती प्रकट गरेका छन्। राजतन्त्रको अन्त्य गरिनुमा नेपाली समाजलाई अन्यत्र मोडिएको ठहर छ उनको। जनताले परिवर्तन चाहेकोमा पूर्व युवराज सहमत देखिन्छन् तर विदेशी चलखेलबाट त्यो परिवर्तन भएकोमा उनले चर्को असन्तुष्टी व्यक्त गरेका छन्।

अन्तर्वाताको क्रममा पूर्व युवराज पारश शाहले भनेका छन्, ०४६



सालपछि विदेशी चलखेल प्रवृत्ति बढेको हो। नेपालमा ४ हजार गरिब छन् तर, एनजिओको संख्या १ लाख ६५ हजार भन्दा बढी छ। यी सबै विदेशीबाट चलेका छन्। सबैलाई थाहा छ एनजीओले जनताका लागि के गरिहेका छन्। विदेशीहरू सजिलोबाटो एनजीओ आइएनजीओको माध्यमबाट छिरेका छन्। विदेशी आउनसाथ के के न गर्न आए भन्छौं, उनीहरू आफ्नो स्वार्थ लिएर आएका हुन्छन् भन्ने हामीले बिर्सेका छौं।

पूर्व युवराजले स्पष्ट शब्दमा भनेका छन्, कसैलाई दोष दिन चाहन्न तर परिवर्तन खोज्ने हो भने जेनेरेशन चेञ्ज नभइ हुन्न। जनता निर्णायक हुन जनताले चाहे भने जे पनि हुनसक्छ। बुबाले गद्दी त्याग गरेको जनताको लागि हो। राजसंस्थाले

(बाँकी पाँच पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# परिणामबिहिन ड्रामाको अन्तय गर !

व्यवस्थापीका संसद् पाँच पाँच पटकसम्म प्रधानमन्त्रीको निर्वाचनमा प्रधानमन्त्री चुन्न असफल सावित भएपछि व्यवस्थापिका संसदको औचित्य माथि नै प्रश्न उठ्न थालेको छ । संविधान सभाको चुनाव संविधान निर्माण गर्नको लागि गरिएको भए पनि राजनैतिक दलहरूले संविधान निर्माण भन्दा सरकार निर्माणलाई पहिलो प्राथमिकतामा राखेका हुनाले तोकिएको समय अर्थात् २०६७ साल जेठ १४ गते भित्रमा संविधान निर्माण हुन सकेन । संविधानसभाको पदावधि सकिएको दिन मुलुकका तीन ठूला राजनैतिक दलहरूले तीन बूँदे सहमती गरेर मृत अवस्थामा पुगेको संविधानसभाको पदावधि एक वर्ष लम्बाएपनि उनीहरू आफैंले गरेको तीन बूँदे सहमती पालना गर्न तत्परता नदेखाउँदा माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिएको ५५ दिन बितिसक्दा पनि नयाँ सरकारको गठन हुन नसक्नु भनेको तीन ठूला दलको अकर्मण्यता र नेपाली जनताप्रति गरिएको राजनैतिक बेइमानी हो । तीन ठूला दलहरूमा उब्जिएको धमण्ड र असफलताको दोष अब तिनै तीन ठूला दलहरूले नै बोक्नु पर्दछ ।

२०६२ मा भारतको राजधानी नयाँ दिल्लीमा भएको १२ बूँदे सहमित नै समस्याको जड थियो । तत्कालिन सात दल र माओवादी बीच भारतको सहयोग र समर्थनमा भारतलाई साक्षी राखेर गरिएको राष्ट्रघाती सहमतिको दुस्परिणामहरू मध्येकै एक परिणामा हो, व्यवस्थापिका संसदले प्रधानमन्त्री चुन्न नसक्नु । भारतले दलहरूबीच सहमति गराउँदा सोचेको थियो होला नेपालका सबै राजनैतिक दलहरू हाम्रा मुट्ठीभित्र भए, अब उनीहरू भारतको आदेशबाहेक अन्यत्र हिड्न सक्दैनन् । अब त्यो भारतको सोचाई उसको लागि भालुको कन्पट सावित भएको छ । तीन दलले भन्दैमा नेपालमा केही हुन सक्दैन भन्ने भारतले बुझिसकेको छ । हिजो राजतन्त्रलाई विस्थापित गराउनको लागि मात्र भारतले आफ्नो विस्तावादी पञ्जा फैलाएको थियो । नेपालका राजनैतिक दलका नेताहरूको नालायकिपन कारण राजतन्त्रलाई विस्थापित गरिए पनि प्रत्येक नेपाली जनताको मुटुमा राजतन्त्रको जरा गडेको छ । नेपाली जनताका लागि अहिले पनि राजतन्त्र उत्तिकै मुटुमा रहेको छ, जसरी पहिला रहेको थियो । राजतन्त्र नेपालमा रहिञ्जेल भारतले चाहेनुसार आफ्नो स्वार्थ पूर्ति नहुने देखेर जबजर्स्तीरुपमा राजतन्त्रको अन्त्य गर्ने निर्देशन दिएको भारतको आदेश अहिले अन्य कुराहरूमा लागु नहुने भएपछि नेपाली जनताले भारतको कालो कर्तुत राम्ररी बुझ्ने मौका पाएका छन् ।

संविधान सभाको चुनावपछि संविधान सभामा उपस्थित भएका पच्चीस दलहरू मध्येका तीन ठूला दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादी ले अन्य साना दलहरूलाई उपेक्षा गरेर तीन दलीय अधिनायकवादी प्रवृत्ति नेपाली जनतामा लाद्न खोजेका हुनाले क्रमस उनीहरू जनताको नजरबाट नाङ्गिदै गएका छन् । हिजो एकीकृत नेकपा माओावदीको विरुद्ध बोल्न डराउने व्यक्तिहरू आज खुलमखुल्ला सार्वजनिक ठाउँमा माओावदीको ज्यादतीका बारेमा कुरा उठाउन थालेका छन् । शहरदेखि गाउँ गाउँसम्म पनि माओवादी पार्टी पनि नेपाली कांग्रेस र नेकपा एमालेजस्तै भ्रष्ट र पार्टीगत स्वार्थका लागि मात्र अगाडि बढ्ने पार्टी रहेछ भने जनताले भन्न थालेका छन् । यी सबै कारणहरूले गर्दा नेपाली जनताले अहिले गतिलो अभिभावकको खोजी हुन पर्ने बताइ रहेका बेला एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकम दाहालले आफ्नो सत्ता लिप्सा र असफलतालाई लुकाउनकै लागि र जनताको ध्यान अर्को तिर मोड्नको लागि संसदीय व्यवस्थानै असफल भएको डंक पिट्न थालेका छन् । यसबाट के प्रष्ट हुन्छ भने माओवादी अन्तरीम संसद्, अन्तरीम सरकार हुँदै संविधानसभाको सबैभन्दा ठूलो दल भएर नौ महिनासम्म सत्ताको बागडोर हात लिन सफल भएपनि उसले अहिले सम्म संसदीय व्यवस्थालाई स्वीकार गरेको छैन भन्ने प्रमाणित भएको छ । संसदीय व्यवस्थालाई स्वीकार गरेको पार्टीले आफ्नो नेतृत्वमा निजी सेना राख्दैन, वाईसीएलजस्तो अर्धसैनिक भएको संगठन बनाउँदैन, आन्दोलनको बेला सर्वसाधारण जनताको सम्पत्ति कब्जामा लिएको तुरुन्तै फिर्ता गर्दथ्यो, तर ति सबै कार्यहरू बाँकी रहेको हुनाले माओवादी अध्यक्ष पुष्पकमल दाहालले भनेझैं संसदीय व्यवस्थालाई दोष लगाएर उनीहरू एक दलीय अधिनायकवादी तानाशाही व्यवस्था नेपाली जनतामाथि लाद्न चाहेको प्रष्ट भएको छ ।

बहुदलीय व्यवस्था जनताप्रति प्रतिबद्ध व्यवस्था भएपनि विश्वका केही देशहरूमा बहुदलीय व्यवस्था असफल सावित भएको छ । मुलुकको अवस्था, भौगोलिक वनावट र जनताको जीवनस्तर हेरेर कुनै पनि व्यवस्था सफल र असफल हुने गर्दछ । तर नेपालमा भने राजनैतिक दलहरू नै नेपाली जनताका लागि घाँडो सावित भएका छन् । २ करोड ७० लाख जनसंख्या भएको हाम्रो मुलुकलाई पार्टीगत स्वार्थका लागि ६०१ जना सभासद्को व्यवस्था गरिएको छ, जबकी अस्ट्रेलियाको जनसंख्या करिब ७ करोड भएपनि त्यहाँ १५० जनामात्र सांसद रहेका छन् । त्यसैगरी १ अर्ब जनसंख्या भएको भारतमा ५४५ जना सभासद रहेका छन् भने नेपालमा भने जनताको खुन पसिनाबाट तिरेको कर खानैका लागि ६०१ जना सभासदको व्यवस्था गर्नु सोझै जनतामाथि लुट मच्चाउनु नै हो । अहिले ६०१ सभासदहरूले तोकिएको समयमा संविधान निर्माण गर्न नसकेर आफ्नो असफलता देखाइ सकेको अवस्थामा मृत अवस्थामा पुगेको संविधानसभाको पदावधि लम्वाउनु र माधवकुमार नेपालले राजीनमा दिएको ५५ दिन बितिसक्दा पनि व्यवस्थापिका संसद्ले पाँच पाँच पटक चुनाव गराउँदा पनि प्रधानमन्त्री चुन्न नसक्नुले अब संविधानसभाको औचित्य समाप्त भएको हुनाले अविलम्ब संसदमा हुने ड्रामा बन्द गरी संविधानसभा विघटन गरिनु सबैभन्दा उत्तम विकल्प हुनेछ भन्ने हामीले ठानेका छौं । परिणाम नआउने ड्रामाको औचित्य नै नभएको हुनाले जनताले तिरेको करमाथि लुट अन्त्य गर्नका लागि पनि संविधानसभा विघटन हुनै पर्ने हामी जोडदार माग गर्दछौं ।

# संविधानसभाको औचित्य समाप्त ?

– देवेन्द्र चुडाल –

व्यवस्थापिका संसद् पाँच-पाँचपटकसम्म प्रधानमन्त्रीको चयन गर्न असफल भएपछि त्यसको दोष संसदीय प्रणालीलाई लगाउँदै दलका नेताहरू आफ्नो अकर्मण्यता र नालायकीपन लुकाउन खोजिरहेका छन् । यो उनीहरूको आत्मरतिबाहेक अन्य केही हुन सक्दैन । हालै एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले संसदीय प्रणालीलाई दोष लगाएर दलहरूलाई पानीमाथिको ओभानो पार्ने प्रयास गरे पनि त्यसमा कुनै सत्यता छैन । एकीकृत नेकपा माओवादी पहिलादेखि नै संसदीय व्यवस्थाविरोधी पार्टी हो । उसले कहिल्यै पनि संसदीय प्रणालीलाई स्वीकार गरेको छैन । संसदीय प्रणाली विश्वको उत्कृष्ठ प्रणाली मानिए पनि नेपालमा भने दलहरूले त्यस प्रणालीलाई असफल पारेर प्रधानमन्त्री चुन्न असफल भएका हुन् । बहुमतीय प्रणालीमा प्रधानमन्त्री चयन गर्ने खेलका कारण मुलुकमा राजनैतिक ध्रुवीकरणसमेत बढेको छ । संसद्मा उपस्थित भएका दलहरू विभाजनसमेत भएका छन् र केही अन्य दलहरू भित्र पार्टीगतरुपमा आरोप-प्रत्यारोपसमेत चलेको छ । नेपालका राजनैतिक दलहरू एक-आपसमा सहमति र सम्झौता गर्न खप्पिस भए पनि आफैंले गरेका सहमतिहरूको कहिल्यै पालना गर्दैनन् । अहिलेको समस्याको जड भनेको आफैंले गरेका सहमतिहरूको पालना नहुनु नै हो । माधवकुमार नेपालले राजीनामा दिएको दुई-चार घण्टाभित्रमा सबै समस्याहरूको समाधान हुन्छ भन्ने माओवादीका अध्यक्ष पुष्पकमल दाहालले जनतालाई उत्तर दिनुपर्‍यो, राजीनामा दिएको ५० औं दिनमा पनि किन सरकार बन्न सकेन ? माधवकुमार नेपाल नेतृत्वको सरकारलाई प्रमुख बाधक देख्ने दाहाललगायत अन्य माओवादीका नेताहरूले समस्याको जड नै मृत संविधानसभा हो भनेर किन जनतासामु भन्न सकेनन् ?

भारतको राजधानी नयाँदिल्लीमा २०६२ मा भएको १२ बूँदे सहमतिअनुसार तत्कालीन सात दल र माओवादीबीच भएका सहमतिहरूको पूर्णरुपमा पालना नगरिएकै कारण मुलुक संकटको भूमरीमा फसेको हो । १२ बूँदे सहमति गर्न भारतले नेपालका दलहरूलाई निर्देशन गरेको र आफैंले तयार पारिदिएको सहमतिपत्रमा आफैं साक्षी बसेर सहमति गराएको हुनाले भारतसमेत नेपालसम्बन्धी कूट्नैतिक मामिलामा पूर्णरुपमा असफल सावित भएको छ । आफैंले पालन-पोषण गरेका व्यक्तिहरूको धाक-धम्की र घुर्कीबाट अहिले भारत आजित भएको भारतीय पत्रपत्रिकाहरूले जनाइरहेका छन् । माओवादीले चलाएको १० वर्षे आन्दोलनमा माओवादीका वरिष्ठ नेताहरूलाई भारतले नै सुरक्षितरुपमा भारतमा बसोबासको व्यवस्था मिलाइदिएको थियो । नेपाल सरकारले आतंककारी भनी घोषणा गरेका व्यक्तिहरूलाई आफ्नो मुलुकमा बसोबास गर्न दिएर नेपालमाथि आक्रमण गर्ने गर्दासमेत भारत चूप रहनु एउटा सार्वभौमसत्ता सम्पन्न मुलुकमाथिको ठाडो हस्तक्षेप थियो । सन् १९५० को सन्धि र त्यसपछिका कतिपय सहमति-सम्झौताअनुसार छिमेकी मुलुकहरूको भूमि अर्को छिमेकीमाथि आक्रमण गर्न नदिने नीति हुँदाहुँदै पनि राजनीतिक स्वार्थका लागि भारतले माओवादीलाई आफ्नो मुलुकमा खुल्लारुपमा बस्न दिएर त्यसैबेला नेपालमाथि हस्तक्षेपकारी नीति लिएको थियो । १२ बूँदे सहमति त्यसैको परिणाम हो । आफैं साक्षी बसेर सहमति गर्न लगाएको १२ बूँदे सहमति अहिले स्वयम् भारतका लागि भालुको कन्पट बनेको छ । नेपालका राजनैतिक दलका नेताहरू आफ्नो स्वार्थपूर्ति भएको खण्डमा भारतीय हस्तक्षेप देख्दैनन्, तर स्वार्थपूर्ति नभएको खण्डमा हस्तक्षेप भयो भनेर भारतीय विस्तारवाद मूर्दावादको नारा घन्काउनसमेत पछि पर्दैनन् । त्यसको पछिल्लो परिणाम हो, माओवादीका अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्री पद त्यागेपछि दिएका अभिव्यक्ति । कहिले भारतले आफूलाई काम गर्न नदिएको आरोप दाहाल लगाउँछन् भने कहिले अब आफू नोकरसँग नभएर मालिकसँग मात्र वार्ता गर्ने उद्घोष गर्दछन् भने कहिले भारतकै कारण नेपालमा सरकार बन्न सकेन, भारतले माओवादी नेतृत्वमा सरकार बनाउन अवरोध सिर्जना गर्‍यो आदि-इत्यादि यस्तै-यस्तै आरोप-प्रत्यारोपले गर्दा नेपाली जनतामा भारतविरोधी भावनामा व्यापक बृद्धि भएको भारतीय गुप्तचर संस्था 'र' ले गरेको गोप्य सर्वेक्षणमा उल्लेख गरिएको छ । 'र' को मत सर्वेक्षणअनुसार नेपालमा पञ्चायती व्यवस्था रहँदासम्म १७ प्रतिशत जनता भारतविरोधी रहेका थिए भने बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि त्यसमा बृद्धि भएर त्यो संख्या ३७ प्रतिशतमा पुगेको थियो । नेपालबाट भारतको निर्देशनमा जवर्जस्तीरुपमा राजतन्त्र विस्थापित गरेपछि विगत २ वर्षमा ६७ प्रतिशत जनतामा भारतविरोध भावना बढेको 'र' को गोप्य मत सर्वेक्षणले देखाएपछि त्यो भारतका लागि टाउको दुखाइको विषय बनेको छ । १२ बूँदे सहमति गराउँदा सबै दललाई एकै ठाउँमा ल्याएर सहमति गराएको हुनाले ती सबै दलहरू भारतप्रति वफादार रहन्छन् भन्ने तत्कालीन भारतीय राजदूत श्यामशरणको भनाई गलत सावित भएको छ । राजनैतिक दलका भ्रष्ट र दलाल नेताहरूकै कारण नेपालमा भारतविरोधी भावनाले दह्रो जरा गाडेको छ । केही भ्रष्ट र दलालहरूलाई पैसा बाँडेर सुख-सुविधा दिए पनि त्यस्ताहरूबाट नेपाली जनता क्रमशः शतर्क हुँदै गएका हुनाले एकदिन नेपाली जनताको जित अवश्य हुनेछ, अनि आफ्नो मातृभूमिप्रति गद्दारी गर्ने नेताहरूलाई नाङ्गेझार पारेर सडकमा घुमाउने छन् र उनीहरूलाई लेण्डुप दोर्जीको संज्ञा दिनसमेत पछिपर्ने छैनन् ।

मुलुकलाई अहिलेको संकटपूर्ण अवस्थामा पुर्‍याउने जिम्मा नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीले नै लिनुपर्दछ । यिनै तीन ठूला दलहरूको अकर्मण्यता र नालायकीपनका कारण मुलुक असफल राष्ट्रतर्फ उन्मुख भएको छ । संविधानसभामा उपस्थित भएका पच्चीस दलहरू मध्येका ठूला तीन दलको अहमता र घमण्डले गर्दा नेपाली जनताले अनाहकमा दुःख-कष्ट पाइरहेका छन् । ठूला दलहरूलाई सत्ताको मोहले सताइरहँदा मुलुकभरमा आएको बाढी-पहिरोबाट धेरै व्यक्तिले ज्यान गुमाएका छन् । हजारौं व्यक्तिहरू विस्थापित भए पनि दलहरूलाई त्यसतर्फ सोच्ने फूर्सदै छैन । सरकार कामचलाऊ भएको हुनाले उसले कुनै जिम्मेवारी पूरा गरेको छैन । मानौं, अहिलेको कामचलाऊ सरकार असनको छाडा साँढेमात्र हो, डामेर छोडिएको साँढेलाई कसैले पिट्नु हुँदैन, उसले जति इच्छा लाग्छ, त्यति खान्छ, हिंड्छ । अहिलेको सरकारको हालत पनि त्यही हो । ऊ कसैप्रति जिम्मेवार छैन । हामी कामचलाऊमात्र भएका हुनाले कुनै ठोस् निर्णय गर्दैनौं भने पनि साँढेले जस्तो खान भने छाडेको छैन । मन्त्रीहरूले विभागीय प्रमुखहरूको फेरबदल गरिरहेका छन्, सचिवहरूको फेरबदल भइरहेको छ, तर जनताका काम गर्न भने उनीहरू कामचलाऊमात्र भएका छन् । यसको दोष कसले लिने ? माधवकुमार नेपालको सरकारलाई सुविधाजनक बहुमत भए पनि राजीनामा दिन बाध्य पारियो । उनले राजीनामा दिए, तर यतिका दिनसम्म अर्को सरकार बनाउन नसक्ने एकीकृत नेकपा माओवादी र नेकपा एमालेका अध्यक्ष झलनाथ खनालगायतका खनालपक्षीय नेताहरूले सरकार बनाउन नसकेको जिम्मेवारी स्वीकार गरेर जनतासमक्ष क्षमायाचना किन नगर्ने ?

भइरहेको सरकारलाई हटाएर अर्को सरकार बनाउने उद्घोष गर्ने नेताहरूले २ महिनासम्म पनि सरकार बनाउन नसक्नु नेताहरूको राजनैतिक नपुंशकता नै हो । मुलुकमा दुई-दुईपटक बहुमतीय प्रणालीअनुसारको सरकार गठन भए, ती दुवै सरकारले संविधान निर्माण र जारी शान्ति प्रक्रियालाई सही निष्कर्षमा पुर्‍याउन नसकेपछि अहिले सहमतीय सरकारको डंक पिटिएको छ । सहमतीय सरकारको डंक पिट्ने पार्टी एकीकृत नेकपा माओवादी नै हो । माधवकुमार नेपाल नेतृत्वमा सरकार गठन भएको दिनदेखि नै सहमतीय सरकारको निर्माणका लागि भन्दै ६ महिनासम्म संसद् अवरुद्ध गरेर जनताका समस्या उठाउने थलो बन्द गर्ने माओवादीको नेतृत्वले अब जनतालाई भन्नुपर्‍यो, सरकार किन बनेन ? माधवकुमार नेपाल नेतृत्वको सरकारलाई कठपुतली सरकार र रिमोटबाट सञ्चालन भएको सरकार भन्ने माओवादीका अध्यक्ष पुष्पकमल दाहाल अहिले आफैं कठपुतली सरकारको नेतृत्व गर्न कस्सिएका छन् । आफैं सहमतीय सरकारको मुद्दा उठाउने अनि आफैं बहुमतीय सरकारको प्रधानमन्त्री बन्न पाँच-पाँचपटकसम्म उम्मेदवार बन्ने ? पाँच-पाँचपटक चुनाव हारेका व्यक्ति कसरी प्रधानमन्त्रीका लागि योग्य ठहरिन सक्छन् ? माधवकुमार नेपालले दुई ठाउँबाट हार्दा हरूवा प्रधानमन्त्री भन्ने दाहाल अहिले पाँचौंपटक चुनाव हारिसके । नेपाल एउटा जिल्लाको निर्वाचन क्षेत्रबाट चुनाव हारेका थिए, तर दाहाल त सार्वभौमसत्ता सम्पन्न भनिने व्यवस्थापिका संसद्बाट पाँचपटक चुनाव हारेका हुनाले उनी अब प्रधानमन्त्री बन्न लायक ठहरिन सक्दैनन् ।

पाँच-पाँचपटकसम्म चुनाव गर्दासम्म प्रधानमन्त्री चुन्न नसक्ने व्यवस्थापिका संसद् र समयमै संविधान निर्माण गर्न असफल भएको संविधानसभा अब मूर्दातुल्य भएको हुनाले मूर्दालाई जतिसक्दो चाँडो दाहसंस्कार गरिनु उचित हुन्छ । मूर्दा घरमा राख्दा घर गन्हाउँछ, टोलै गन्हाउँछ र देश गन्हाउन थाल्छ । अहिले संविधानसभा मरेको मूर्दा भएको हुनाले मुलुक नै गन्हाउन थालेको र विस्तारै विदेशसमेत गन्हाउन थाल्ने हुनाले अब मृत संविधानसभा विघटनबाहेक अन्य विकल्प बाँकी छैन । ताजा जनादेश लिएर संविधान निर्माण नगरेको खण्डमा भोलि आजैको संविधानसभाले बनाएको संविधान विष वृक्षमा परिणत हुनसक्ने भएको हुनाले पनि संविधानसभा विघटन हुनै पर्दछ ।

# चौध प्रदेश, मधेश र राज्य पुनर्संरचना

**रोशनकुमार झा**

अहिले संसारमा विद्यमान राष्ट्र/देशहरू सबै एकै किसिमका छैनन् । तिनीहरू अलग-अलग विशिष्टताका साथ अस्तित्वमा रहेका छन् । हाम्रो देश नेपाल पनि अत्यन्तै विविधतायुक्त विशिष्टता ओगट्ने देश मध्येमा एउटा पर्छ । जातीय, भाषिक, भौगोलिक, धार्मिक, सांस्कृतिक सबै हिसावले यो विविधतायुक्त रहेको छ । यही विविधता नै नेपालको विशिष्टता हो । अतः राष्ट्र/देशको विशिष्टतालाई समग्रतामा बुझेर र ध्यान दिएर राज्यको संरचना र प्रदेशहरूको निर्धारण हुन आवश्यक छ । तर अहिले हालै प्रस्ताव गरिएको १४ प्रदेशको खाका पूर्णरुपले हिंसा निम्त्याउने र मधेशको अस्तित्व र प्रभावलाई कमजोर तुल्याउने षड्यन्त्रकारी खेल हो जस्तो देखिएको छ ।

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुक्षेत्रीय र बहुधार्मिक/सांस्कृतिक देश भएतापनि यहाँ कुनै पनि समुदाय राष्ट्र-राज्य (Nation State)का रुपमा विकास भइसकेका छैनन् । अतः देशका सबै जाति, समुदाय र क्षेत्रहरूको सर्वाङ्गिण विकास र उन्नतिका लागि हजारौं वर्षदेखि अस्तित्वमा रहेको मधेशी लगायत समुदायको साझा सांस्कृतिक पहिचान सहितको प्रादेशिक संरचना आवश्यक छ ।

राज्यको पुनर्संरचना गर्दा अहिले संविधान सभा भित्रका समितिले पूर्णरुपले पूर्वाग्रही र खसवादी चिन्तनले ग्रस्त भई १४ प्रदेशको खाकाको प्रस्ताव गरेको छ । यसले समग्र मधेश र मधेशीको आस्था, स्वाभिमान र गरिमामा ठूलो ठेस पुगेको छ ।

राज्यको संरचना गर्दा यसको प्राचीनलाई ध्यानमा राखेर गर्नुपर्छ । उत्तर भारतमा अँग्रेजको प्रभुत्व कायम भएपछि अवधले पहिले अधिकार जमाएको मधेशको भूभाग माथि अँग्रेजले आफ्नो स्वामित्व दावा गरेकै कारण नेपाल र अँग्रेजबीच ठूला युद्ध चलेका थिए । ती युद्धमा कुनै तराई वा मधेशवासीले गोरखाली र अँग्रेजको समर्थन वा विरोधमा वा आफ्नै स्वतन्त्र अस्तित्वका निम्ति आवाज र हतियार उठाएनन् ।

सायद त्यति खेर नै मधेशी तराईवासीहरू आफ्नो स्वतन्त्रता खोजेको भए आज मधेशी जनताले यो दिन देख्नु पर्ने थिएन होला । तर, तिनीहरू आफ्नो स्वतन्त्रता र मुक्ति खोज्नुको साटो ती अँग्रेज र गोरखाली आगन्तुक शक्तिलाई स्वीकारे । फलस्वरुप पटक-पटक नेपालका शासकद्वारा गरिने दुर्व्यहार र हेपाईका शिकार मधेशी जनता बन्दै आएका छन् ।

पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले नेपालको भावी संघीयताको नमुना बहुमतले पारित गरेको छ । तर यो १४ प्रदेशको नमुना बिलकुलै अराजनीतिक छन् । यो १४ प्रदेशको संरचनाले मधेशको भूगोलभित्र रहेका मिथिला, भोजपुरी, अवधी भाषिक र थारु समुदायको ऐतिहासिक पृष्ठभूमि र क्षेत्रगत निरन्तरतालाई तोड्ने र मधेशभित्रको आपसी सद्भावलाई खलबलाउने काम गरेको छ । सशस्त्र समूहले आक्रान्त बनेका मधेशलाई यो विभाजनको खाकाले मधेशलाई अरु बेचैन बनाएको छ ।

हालै समितिले पारित गरेको क्षेत्रीय आधारको सुनकोशी, नारायणी, कर्णाली र खप्तड प्रदेशको कुनै तुकै छैन । झनै नारायणी त भित्री मधेश हो र यसैलाई मधेशबाट अलग गरिएको छ । संघीयताको मूल मर्म भनेको सत्ता र शक्ति बाँडफाँड तथा विकेन्द्रीकरण हो तर यहाँ यसैलाई चुनौती दिने काम भएको छ । नेपालको पूर्व झापादेखि पश्चिम महेन्द्रनगर सम्मको भुभागलाई वा समग्र मधेशलाई छुट्टै प्रदेश बनाइनुपर्छ । यसका लागि चाहिने मापदण्डहरू पर्याप्त छन् । जस्तै भौगोलिक समानता, सांस्कृतिक समानता, भाषिक समानता, हावापानी वा जलवायु वा जलवायु आदिको समानता । समितिले दुई प्रदेशमा मधेशलाई विभाजन गर्ने प्रस्ताव खसवादी चिन्तन र मधेशलाई कमजोर तुल्याउने अभिप्रायले गरेको जस्तो देखिन्छ । यसमा मधेशवादी दलको मात्र होइन सम्पूर्ण मधेशी, तराईवासी बुद्धिजिवी, पत्रका र हामी जस्ता विद्यार्थीको समेत असहमति छ ।

राज्यभित्र आत्मसम्मान र पहिचान सहित श्रोत साधन र राष्ट्रिय शक्तिमा आधा हिस्सा लिनु, र आन्तरिक औपनिवेशिकताबाट मुक्ति नै मधेशको मूलमुत माग हो । यसका लागि मजबुत र एकताबद्ध मधेशको रणनीति आवश्यक छ । आज त्यसकै उपज हो समग्र मधेश एक प्रदेशको माग ।तर, दुःखद कुरा के हो भने आज मधेशको भाग्यको निर्धारण गर्ने समय आएको बेला मधेशवादी दलहरूले देखाएको निरीहता र उदासीनताले समग्र मधेश एक प्रदेशको मुद्दा पराजित भएको जस्तो देखिन थालेको छ । जुन रुपमा उनीहरू अगाडि बढ्नु पर्ने थियो त्यो रुपमा उनीहरू अगाडि बढ्न नसक्नुले उनीहरूको मागमा गम्भिर प्रश्न खडा गरेको छ ।

यसले मधेशलाई भविष्यमा झनै कमजोर बनाउने कुरा पनि अब निश्चित भएको छ । मधेशवादी दलहरूले निर्वाचनको बेला यो मुद्दालाई चर्काएर मधेशी जनताको भोट बटुल्ने बाहेक अरु केही गरेको देखिएन । तर, उनीहरूले जनतालाई दिएको धोकाका साथै उनीहरूको पतन पनि निश्चित छ । तर यस्ता अवस्था आउन नदिन मधेशवादी नेताहरूसँग अझै प्रसस्त विकल्प छ । उनीहरू पूर्णरुपले संगठित भई हालै गरिएको १४ प्रदेशको प्रस्तावको खाका विरुद्ध उभिनु पर्छ । यसको लागि समग्र मधेशी जनता र हामी जस्ता युवा विद्यार्थी उहाँहरूको सहयोगको लाग जीउ र ज्यान दिन तयार छौं । अहिले मधेशको मुद्दा मागिखाने भाँडो बनेको छ । बारगेनिङ्ग गर्ने नीति बनेको छ । यस किसिमको संकिर्ण सोचलाई त्यागी मधेशी जनता र मधेशवादी दल मुक्तिको लडाई लड्न वैचारिक मैदानतिर हातेमालो गर्दै बढ्नुपर्छ ।मुख्य बुझ्नुपर्ने कुरा के हो भने हाले प्रस्ताव गरिएको १४ प्रदेशको खाकामा चितवनलाई नारायणी प्रदेशमा राखिएको छ । यस कुराले चितवनलाई मधेशबाट अलग गर्न खोजेको कुरा प्रष्ट हुन्छ ।

तर वास्तविकता के हो भने १९३४ मा राप्ती उपत्यका विकास योजना लागू हुनुभन्दा अघि चितवनमा छत्तीस हजार थारु लगायत मधेशीको जनसंख्या थियो । तर, यो योजना लागू भएपछि सन् १९६७ मा चितवनमा थारु लगायतका अन्य मधेशी समुदायहरू आफ्नै भूमिमा नगन्य भए । तर हालै चितवन पहाडी खस बाहुन क्षेत्रीले खचाखच भरेको छ तर पनि मधेशी जनतालाई यसमा कुनै आपत्ति छैन । आपत्ति छ त केवल खसवादी सोचमा । चितवन हालै पहाडी समुदायले भरिभराउ भए पनि यो मधेशको भूगोल हो । तसर्थ चितवनलाई मधेशबाट अलग्याउन खोज्नुको अर्थ मधेशलाई अधिकार सम्पन्न देख्न नचाहनु हो । उदाहरणको लागि अहिले हजारौं मधेशी जनता संगठित वा विकेन्द्रित भई काठमाडौं लगायत पहाडका विभिन्न ठाउँहरूमा बसेका छन् । क ती स्थानहरूलाई मधेश भन्न थाल्ने त ? पक्कै पनि होइन । जो जहाँ बसोबास गरेपनि भूगोललाई परिवर्तन गर्न सकिदैंन ।चितवन भित्री मधेश हो र मधेश प्रदेशभित्रै रहनुपर्छ । अन्यथा भोली नेपालको आन्तरिक कलहको जड यो पनि हुनसक्छ । मधेशीहरू युगौंदेखि नै विभेदमा परेका छन् र उनीहरूलाई नेपालीको रुपमा कहिल्यै स्वीकारिएन । तिनीहरूको पहिचानको प्रश्न सँधैका लागि सम्बोधन गर्न मधेशी जनताले चाहेको समग्र मधेश प्रदेश बिना कुनै जालझेल पाउनुपर्छ । तर यो पाउनु उनीहरूको अधिकार हो यसमा जो तगारो बन्न आउँछ त्यो गहुँमा भएको घुन सरह पिल्सिनेछन् ।

मधेशीहरू अहिले विरोध गरी पहाडबाट बसाई सरेर आएकाहरूको कारण आफ्नै भूमिमा अल्पमतमा परेका छन् । फलस्वरुप आर्थिक तथा राजनीतिक क्षेत्रमा पकड गुमाउँदै छन् । मधेशीहरूको वास्तविक जनसंख्या पत्ता लगाउन एउटा स्वतन्त्र जनगणना आवश्यक छ । विगतमा लागू गरिएको भूमिसुधार कार्यक्रम पनि मधेशीहरूको हितमा छैन । तसर्थ नेपालको पुनर्संरचनाको आधारको खाका कोर्दा खुला दिमागले कोरिनुपर्छ । र मधेश मजबुत र सवल भए मात्र देश विकास हुने कुरा सबै नेपाली नागरिक बुझ्नुपर्छ । उनीहरूलाई आन्तरिक औपनिवेशिकताबाट मुक्ति दिनबाट बञ्चित गर्ने प्रयास कसैले कहीँबाट गर्नु हुँदैन ।

समग्र मधेश एक प्रदेश भए मात्र राष्ट्रिय एकतालाई वास्तवमै मजबुत र विश्वासिलो बनाउन सकिन्छ । त्यसैले मधेशलाई तोड्ने र टुक्राउने खेलमा होइन जोड्ने कामतिर अग्रसर गराउनु पर्छ । (मधेश दर्पण फिचर सेवा)

# गाइजात्रामा गल्ली यात्रा

प्रत्येक बर्ष गाइजात्राको दिन भक्तपुरमा करीब डेढ लाख मानिस जात्रा अवलोकनको लागि आउने गर्दछन् । यस दिन भुइँमा खुट्टा राख्न नहुने गरी भीड हुन्छ । यही भीडबाट जोगिनको लागि भने गल्लीबाट जात्रा हेर्न उपयुक्त हुन्छ । गल्लीहरूमा बिदेशी पर्यटकहरूको आवागमन बढे पछि भक्तपुर नगरपालिकाले दैनिक तीन पटक गल्ली सफा गर्ने गरेको छ । यसको फल स्वरुप भक्तपुर सहर नेपालको सबैभन्दा सफा सहरको रुपमा चित्रित छ । सफा सहरको पहिचान पाए पछि स्वदेशी पर्यटकहरू पनि यहाँ गल्लीहरूमा हिड्डुल गर्न लालागित छन् । गल्ली गल्लीमा आरामको लागि पाटी पौवा पुनर्निर्माण गरिएका छन् । ती पाटीहरू सफा राख्न भने जुत्ता लाएर बस्न निषेध गरिएको छ । यहाँ अधिकांस पाटीलाई अखवार हेर्ने वाचानालयको रुपमा परिणत भएका छन् । थाकेका पर्यटक पाटीहरूमा बसेर पत्रिका हेरेर रमाउछन् ।

गाइजात्रा आउन एक महिना अघि देखिनै कल कान्तिपुरका सुरज सिह ठकुरीले भक्तपुरबाट फोन गर्ने दर्शकहरूसंग यहाँको सरसफाईको बारेमा सोध्दै आएका छन् । कार्यक्रम मार्फत उनले दर्शकहरूलाई फुर्सदमा भक्तपुर घुम्न सुझाब दिने गरेका छन् । भदौ ९ गते हुने जात्रामा भने सहरको बिषेश रौनक हुन्छ । भदौ १६ गते सम्म गाइजात्राका अन्य गतिबिधि पनि हुने गर्दछ । यहाँका हरेक गल्लीमा आ आफ्नै बिशेषताहरू रहेका छन् । गल्लीहरूको पहिचान गरेर ब्यबसाय गर्न चाहनेहरूको लागि गाइजात्रा राम्रो अबसर हो । बढी जनघनत्व भएको यस सहरमा कुनै पनि ब्यबसाय गर्न वा बजारीकरण गर्न सजिलो हुदै आएको छ । पछिल्लो समयमा यहाँ पाटनमा फस्टाएको ढलौटका मुर्तिहरू बनाउने उद्योग खुल्न थालेका छन् । गोमारी र याछे जोड्ने सितिखु गल्लीको पछिल्लो पहिचान बौद्ध मुर्तिकला बन्न पुगेको छ ।

उता भक्तपुरको इच्छु गल्ली, हस्तकलाका उत्पादकहरूको पर्याय बनेको छ । त्यहाँ काठबाट बनेका सामाग्री, धागोबाट बनेका कलाहरू खरिदबिक्रि मात्र हुदैन, कलाकार आफैले आफ्नो कला प्रत्यक्ष प्रदर्शन गरिरहेको देख्न सकिन्छ । यो ठाउँ भन्दा अलि तल कुम्हे टोलमा माटोका भाडाकुडा मात्र बन्ने गरेकोमा, अहिले आधुनिक पुस्ताले थरी थरीका माटोका गिफ्ट आइटमहरू बनाएका छन् । यी सामानहरू यहाँ आएका आगन्तुकहरूले आफ्नो साथीहरूको लागि कोसेलीको रुपमा लाने गरेका छन् ।

याछेको नापित गल्लीमा भने हात खुट्टा मर्केको बेला परम्परागत पद्दतिबाट उपचार गर्ने गरिएको छ । शंखेकिराबाट बनेको ओखती बनाउन यस पेशामा आबद्ध गुन्जमान नापितको पसलमा बिदेसीहरू पनि आउने गरेका छन् । नवदुर्गा गल्लीमा भक्तपुरको पहिचान बनेको भादगाउँले टोपी बुन्ने श्रेष्ठहरूको बस्ती रहेको छ । यो परम्परालाई टेवा दिन सल्लाघारीको बिरेन्द्र सैनिकका पुरुष बिद्यार्थीहरूको बिद्यालय पोशाकमा भादगाउले टोपी पनि राखिएको छ । सैनिक स्कुलले बार्षिक तीन सय थान टोपी यहाँबाट खरिद गर्ने गरेको छ ।

सकोलान गल्ली मदिरा उत्पादन गर्नमा प्रख्यात रहेको छ । यहाँबाट उत्पादित मदिरा पाँचतारे होटेलमा आयोजना गरिने नेवारी भोजको लागि समेत खपत हुने गरेको छ । लाकोलाछेमा पुरानो प्रबिधिमा आधारीत आलु भण्डार रहेको छ । यो ठाउँ पाँचतले मन्दिर भन्दा एक सय मिटर दक्षिणमा रहेको छ । पाइग्राचा गल्लीमा घुम्नुको मज्जा नै बेग्लै छ । पाइग्रा जस्तै घुमेको बाटोमा हिड्दा हिड्दै पहिलेको ठाउँमा पुगिन्छ । यस गल्ली सँगै रहेको जेल्ला गल्लीमा हिजो आज एक दर्जन दही बनाउन उद्योगहरू सञ्चालन भएका छन् । भक्तपुरलाई धैरै मिठो दही बन्ने सहर पनि भन्ने गरिएको छ । यस किसिमको दही बन्न सुरु भएको लालाछे गल्ली भक्तपुर मध्ये भाग सुकुलढोका नजिकै रहेको छ ।

गल्लीहरूमा बिदेशी पर्यटकहरूको आवागमन बढे पछि भक्तपुर नगरपालिकाले दैनिक तीन पटक गल्ली सफा गर्ने गरेको छ । यसको फल स्वरुप भक्तपुर सहर नेपालको सबैभन्दा सफा सहरको रुपमा चित्रित छ । सफा सहरको पहिचान पाए पछि स्वदेशी पर्यटकहरू पनि यहाँ गल्लीहरूमा हिड्डुल गर्न लालागित छन् । गल्ली गल्लीमा आरामको लागि पाटी पौवा पुनर्निर्माण गरिएका छन् । ती पाटीहरू सफा राख्न भने जुत्ता लाएर बस्न निषेध गरिएको छ । यहाँ अधिकांस पाटीलाई अखवार हेर्ने वाचानालयको रुपमा परिणत भएका छन् । थाकेका पर्यटक पाटीहरूमा बसेर पत्रिका हेरेर रमाउछन् । *रबिन राचलिका*


**विश्व हिन्दु महासंघको अनुरोध**

**हिन्दु, हिन्दुत्व र हिन्दु राष्ट्रको रक्षाका लागि समस्त हिन्दुहरू ओमकार परिवार एक हौं ।**

**विश्व हिन्दु महासंघ**

केन्द्रीय कार्यालय : बाँसबारी, काठमाडौं

फोन : ४३७०३२२

# Human Rights Violations in Indian held Kashmir

Sajjad Shaukat

Although the human rights violations in the Indian-held Kashmir has been continuing by the Indian security forces since the partition, yet the same practice has intensified in wake of the current phase of Kashmir struggle which began on August 12, 2008 when Indian forces killed Hurriyat Conference leader Sheikh Abdul Aziz along with five other persons who were protesting against the government decision to allot 800 kanal of Kashmiri land to a Hindu shrine.However, seeing no progress for the resolution of Kashmir issue, in 2008, Kashmiri once again renewed their peaceful protests. In a dangerous pattern more than 300 persons mostly teenagers, were killed since January this year in disproportionate use of force mainly by the Indian police and paramilitary troops. Indiscriminate firing by the Indian security forces have become a routine matter, while quelling the peaceful protests.According to a recent report on Human Rights violations in Indian Occupied Kashmir by Indian Army and its paramilitary forces, there have been deaths of 93,274 innocent Kashmiri from 1989 to June 30, 2010. Besides this alarming figure of open killings by its security forces, there have been 6,969 custodial killings, 117,345 arrests, destruction, and razing of 105,861 houses and other physical structures in the use of the community as a whole. The brutal security forces have orphaned over 107, 351 children, widowed 22,728 women and gang raped 9,920 women. In June 2010 only, there have been 33 deaths including four children besides, torturing and injuring 572 people. The brutal Indian security forces molested eight women during the month of July. This brief account indeed, is the reality of Indian achievements on which they are trumpeting for their success in the Kashmir through counter insurgency operations.Over the two decades of violence in Jammu and Kashmir, Human Rights Watch has documented numerous failures to ensure protection of human rights. It has called for the repeal of laws such as the Jammu and Kashmir Disturbed Areas Act, the Armed Forces (Jammu and Kashmir) Special Powers Act, and the Public Safety Act. These laws provide the armed forces with extraordinary powers to search, detain, and use lethal force, leading to numerous human rights violations. They also provide immunity for security forces. Prosecutions of security force personnel, even where the facts are well established, are rare.While in its various reports, Amnesty International has also pointed out grave human rights violations in the Indian occupied Kashmir by indicating: "The Indian government's disregard for human rights in Jammu and Kashmir means in practice that people reportedly died in custody in Jammu and Kashmir and that the whereabouts of the "disappeared" persons continue to be unknown...government forces continue to commit serious violations of humanitarian law...the Muslim majority population in the Kashmir Valley suffers from the repressive tactics of the security forces. Under the Jammu and Kashmir Disturbed Areas Act, and the Armed Forces (Jammu and Kashmir) Special Powers Act, security forces personnel have extraordinary powers including authority to shoot suspected lawbreakers, and to destroy structures suspected of harboring militants or arms."Kashmir Quarterly has reported, "Indian Forces killed a number of citizens, torched mosques, shops and houses in various parts of the valley. As a result, there were demonstrations in many cities. Troops desecrated the central Srinagar mosque and tortured worshippers whom they found inside."It is notable that there has been a routine failure of justice in Jammu and Kashmir. In the recent past, hundreds of unidentified graves with more than 3000 bodies were discovered in the Indian-held Kashmir. Sources have accused Indian RAW of the custodial killings of the Kashmiri people through brutal methods. In this context, even the European Parliament has passed a resolution, condemning New Delhi for human rights violations.It seems that non-condemnation of these Indian acts of massive human rights violations by the so-called civilized international community has further encouraged India to step-up its brutalities on the armless Kashmiri masses. Indian authorities are not willing to talk with Kashmiri people on political grounds. India perhaps reached to a conclusion that only bullet is the right way of dealing with Kashmiris, demanding their right of self-determination. Surprisingly, Indian successive governments are trying to ignore the dynamics of the Kashmiris' movement for the freedom from the Indian rule. This indeed is the continuation of their resistance against the Dogra Rule, started in early part of the 20th century.Nevertheless, human rights abuses have been a part of a campaign by the Indian army against Muslim Kashmiris. The abuse is manifested in the following types of violations: burning the houses, torture, disappearances, rape, molestation of Muslim women and killing of persons through fake encounter.On the one hand, India claims that Kashmir uprising has slowed down and the situation is returning towards normalisation, while on the other, Kashmir movement has intensified in the recent weeks. In this connection, on July 10 this year, a rigid curfew was imposed in most of Indian-held Kashmir (IHK), while shops and businesses were closed and public transport was off the roads after the All Parties Hurriyat Conference declared a strike. During strike, none of the nearly 60 newspapers published from Srinagar for four days.The clampdown in IHK has come after street protests and clashes, surged in the controlled territories, and more than 30 people have died over the past six weeks in shootings by the police and paramilitary soldiers. Despite curfew-like restrictions, arrests and detentions, Kashmir movement continues unabated.It is mentionable that owing to the new strategic alliances, India has become a partner of the major powers like the US, Russia, UK, Germany and France. These major countries have their political and economic stakes in India. That is why, they are silence over Indian human rights violations in the controlled Kashmir.Besides, there is a big question mark on the role of the United Nations Organization (UNO) in connection with the Indian held Kashmir?the only International Organization, mandated to redress the oppressed people of the world. The organization has badly failed to implement its responsibilities and its own resolutions towards a rightful solution of the issue.There is a need of awakening the international conscious. Closing of the eyes and ears by the international community on the massive human rights violations in Kashmir by Indian security forces would not end the issue. Rather the seething protest against Indian human rights violation would endanger the world peaceThere can be no lasting political settlement in Kashmir unless human rights abuses that have fueled the insurgency are addressed. However, there has been no policy change in the repressive activities of Indian security forces. Indian security forces continued human rights violations in Kashmir unabated.Sajjad Shaukat writes on international affairs and is author of the book: US vs Islamic Militants, Invisible Balance of Power: Dangerous Shift in International Relations.

*sajjad_logic@yahoo.com*

## बाजुरामा खाद्यान्न सङ्कट

बाजुरा। बाजुराको पूर्वोत्तर क्षेत्रका ११ गाविसका बासिन्दा यतिबेला खाद्यान्न सङ्कटको चपेटामा परेका छन्। खाद्य संस्थानको कोल्टी डिपोमा चामल रित्तिएकाले यस क्षेत्रका पाण्डुसेन, कोल्टी, कोटिला, जगन्नाथ, वाई, बाँधु, साप्पाटा, जुकोट, रुगिन, गोत्री र बिच्छ्याँ गाविसका बासिन्दालाई खाद्यान्न सङ्कट भएको हो। खाद्य संस्थानको चामलकै भर पर्ने यो क्षेत्रका बासिन्दा संस्थानको कोल्टीस्थित डिपोमा चामल सकिएपछि समस्यामा परेका हुन्। डिपोमा ४२ क्विन्टल चामलमात्र मौज्दात रहेकाले वितरण गर्न नसकिएको डिपोका प्रमुख जगतबहादुर कुँवरले बताउनुभयो। गोदाममा एक हजार क्विन्टल चामल मौज्दात पनि नभए चामल लिन आउनेको भीडलाई नियन्त्रण गर्न नसकिने कुँवरले बताउनुभयो। मागअनुसार कहिल्यै चामल मौज्दात हुन नसक्ने यस डिपोले महिनौँको आयातपछि एक हजार क्विन्टल जम्मा गरेर वितरण गर्ने गरेको उहाँले बताउनुभयो।

यी गाविसमा वर्षको १० महिना खाद्यान्नको चर्को सङ्कट हुने गर्दछ। हाल डिपोमा समेत चामल नपाइएकाले छाक टार्न मुस्किल भइरहेको यो क्षेत्रका स्थानीय बासिन्दाले बताएका छन्। चामलकै लागि तीनदिनको पैदल हिँडेर सदरमुकाम मार्तडी पुगेका गोत्री-९ मनिडाँडाका लालबहादुर खत्रीले भन्नुभयो- 'दस किलो चामलका लागि छ दिन हिँड्नुपर्छ, त्यो पनि पाउने निश्चित हुँदैन। चालु आर्थिक वर्षको एक महिना बित्दासमेत संस्थानले चामलको कोटा निर्धारण नगरेपछि आवश्यकताअनुसार चामल आउन नसकेको बताइएको छ। जिल्ला खाद्य व्यवस्था समितिले कोल्टी क्षेत्रमा खाद्य सङ्कट भएको उल्लेख गर्दै चामल ढुवानीका लागि पटकपटक संस्थानको केन्द्रीय कार्यालयमा पत्राचार गरिएको संस्थानको बाजुरा शाखाका प्रमुख अमरबहादुर चन्दले बताउनुभयो।

दुई महिनाअघि जिल्ला खाद्य सुरक्षा सञ्जालले जिल्लाका अधिकांश गाविसका बासिन्दालाई खाद्य सङ्कट भएको जनाउँदै उनीहरूलाई तत्काल खाद्य प्रबन्ध गर्न विश्व खाद्य सङ्गठनलगायत सरकारी निकायलाई आग्रह गरेको थियो। गत आर्थिक वर्षमा कोल्टी डिपोका लागि नौ हजार क्विन्टल चामल आएको थियो। उक्त चामलको परिमाण निकै कम भई यो आर्थिक वर्षका लागि १५ हजार क्विन्टल चामल माग गरिएको खाद्य व्यवस्था समितिका संयोजक प्रमुख जिल्ला अधिकारी योगेन्द्रप्रसाद पाण्डेले बताउनुभयो।

# नयाँ भनेको नांगै हुने होइन

**राजन कार्की**

राजनीतिक खम्बाहरू अनेक अनुहार, एक चरित्रका छन् । शेषनागका जस्ता हजार जिब्रा निकाल्छन् र मौका हेरी-हेरी जिब्राअनुसारका कुरा गर्छन् । जनतन्त्र ल्याउँछु भनेर बन्दुक बोक्ने बमबहादुर संसद हुँदै सरकारमा पुग्यो र सडकबाट फुइँकी हाँक्दैछ । यसले बिस्फोटक बम बिसाए पनि बिस्फोटक भाषणबम हान्न छोडेको छैन । यिनको यिनको तातो बोली बीसको उन्नाइस पनि सेलाएको छैन । समाजवाद र लोकतन्त्र बलियो पार्छु भन्ने खेमा पनि छ, यो कित्ता बिदेशीको खैरात खाएर डकार्दै छ । राष्ट्रिय मनस्थिति र एकतामा यिनीहरू सकेजति अमिलो निचोरेर फटाउँदैछन् । मानौ यिनीहरू नेपाली अनुहारका विदेशी प्रतिनिधि हुन् । देशमा दल जिन्दावाद भयो, जनता जिन्दावाद हुन सकेन ।

मुसोलिनी माष्टर थिए । जनता निरीह र देश कमजोर बन्दै गएको देखेपछि उनीभित्र बिद्रोहको ज्वाला दन्कियो । यही बिद्रोहको क्रममा एकदिन उनको हिटलरसँग भेट भयो । एउटा सिक्का थियो, एक कप चिया किनेर आधा-आधा पिएपछि दुबैले बिद्रोहको अठोट गरे । पूलमुनी फालेको चिसो कागजलाई सुकाउँथे र फासिज्मको नारा लेखेर बाँड्थे दुवैजना । यसरी फासिज्म जन्माए । जर्मन राष्ट्रवादका लागि दुवैले बिद्रोह गरे, कलम र हतियार उठाए, जनतालाई जगाए । उनीहरूले बिद्रोही सेना गठन गरे । विजयी भए तर, उनीहरूले जर्मन राष्ट्रिय आर्मी गठन गरेपछि मुक्ति सेनाको अस्तित्व रहन दिएनन् ।

बृटिस साम्राज्यको जुत्तामुनी किचिएका अमेरिकनहरूले आफूमाथि अनावश्यक कर लादिएपछि त्यसको बिरोधमा 'वार अफ इण्डिपेन्डेन्ट' घोषणा गरे । यसका नायक थिए : जर्ज वाशिङ्टन । शान्त स्वभावका वाशिङ्गटनले जनक्रान्ति गरे । उनले पनि हतियार उठाए र देशलाई स्वतन्त्रमात्र पारेनन्, अमेरिकाका पहिलो राष्ट्रपतिसमेत बने । क्रान्तिकालमा उनले पनि लडाकु दस्ता गठन गरेका थिए । जब राष्ट्रिय आर्मी गठन भयो, बिद्रोही सेनाको अस्तित्वलाई कायम हुन दिएनन् । दलीय स्वार्थभन्दा देशको सार्वभौमिकतालाई महत्व दिनेहरूको चम्किलो र सुन्दर इतिहास हो यो ।

भारत स्वतन्त्र हुनुपूर्व अङ्ग्रेजविरुद्ध लड्नका लागि बाँदर सेना गठन भएको थियो । अधिकांश नाबालिगहरू रहेको यो सेनाको सदस्य इन्दिरा गान्धीसमेत थिइन । भारतलाई स्वतन्त्र गराउँदा बाँदर सेनाले नपत्याउँदो गरी सन्देश प्रवाहको साह्रै ठूलो भूमिका निभाएको थियो । जुन अरु तरिकाबाट अङ्ग्रेजको कडा शासनकालमा सम्भव नै थिएन ।१९४७ मा भारत स्वतन्त्र भएपछि बाँदर सेनाको अस्तित्व रहेन । 'मेरा भारत महान' भन्ने भारतीयहरू बाँदर सेनाको इतिहास पढ्छन् र प्रशंसा गर्छन् ।

नेपालमा पनि ००७ साल अघि राणाविरुद्ध मुक्ति सेना थियो । रुद्रगविक्रम राणा पक्षमा र पहलसिंह विद्रोही खेमामा उभिएका थिए । २००८ सालपछि यी बिद्रोही मुक्तिसेना, लैनछोकडाहरूलाई सेना र प्रहरी फोर्समा समायोजन गरियो । समायोजनपछि मुक्तिसेनाले राष्ट्रिय दायित्व निर्वाह गर्‍यो । पहलसिंह लामा मुक्ति सेनाकै लैनछोकडा थिए । ०१५ सालमा बीपी प्रधानमन्त्री हुँदा कांग्रेस मुक्ति सेनाको ४ सय हतियार इजरायल र वर्माको नेविन सरकारले समेत लग्यो । बीपी र राजा महेन्द्रबीचको मनमुटावको कारण यो पनि एउटा थियो । मुक्ति सेनाको हतियार नेपाल पुलिसले पनि चलायो ।

चीनमा १९४५ देखि १९७६ सम्मको अवधि माओयुग हो । कम्युनिष्ट बिचारका लागि आज पनि माओ देवदूतभन्दा कम पूज्य छैनन् । उनका रेड आर्मीले सांस्कृतिक क्रान्ति गरेको हो । आधार इलाका र क्रान्तिमा ट्याक्टिकल इक्विलिब्रियम उनकै मानसिक उपज थियो । आज माओ म्यूजियमको सजावटसहितको गर्वपूर्ण पोट्रेटमा छन् । रेड आर्मी राष्ट्रिय आर्मी बनिसकेको छ । बेलायतका ३ नेपाली मध्येका एक प्रोफेसर कुलबहादुर लुइटेलका अनुसार 'बेलायती नजरमा कम्युनिज्म विश्वमा असफलशिद्ध राजनैतिक व्यवस्था हो ।' (२०६६ भदौ १९ को नेपालीपत्र) । आज पाँचतारे लाल चीनमा खुला अर्थनीति छ । चीन अमेरिकामा भन्दा बढी डलरको संचिति गर्छ । ३२ हजार मन्टिनेशनल कम्पनी चलेका छन् चीनमा । विश्वको ९० प्रतिशत बजारमा चीनका उत्पादन पुगेका छन् । आगामी २० वर्षमा विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र बन्दैछ । चीनमा माओ छन्, माओवाद छैन । चीनमा राष्ट्रवाद बलियो छ, त्यसैले प्रगति छ । बिपन्न नेपाल १९६० दशकको माओवादको उर्वरा भूमिमा सिमित छ ।

रेडबुकलाई मन्त्र बनाएको दलले साठीको दशकको माओको प्रेत जगाएर नेपालको राजनीतिक रुपरङ्गै बदलिदियो । २४० वर्षभन्दा लामो इतिहास फेरिदियो । लोकतन्त्रको बिडा उठाएको छु भन्ने शक्तिहरूलाई पछाडि धकेलिदियो । छापामार शैलीको उन्माद, चर्को आलोचनाको जनबाढी ल्याएर राम्रा नराम्रा धेरै कुरा बगाइदियो । त्यसपछि परिवर्तन र समयको सुइरोमा रोपिएर माओवाद जनचाल्नोमा चालिदैछ । जतिसुकै आत्मबल प्रदर्शन गरे पनि जनता इमान्दारिता नदेखेसम्म विश्वस्त हुँदैनन् । राजनीतिक दलका लागि जनता प्रेरणाका शक्ति बन्नुपर्छ । बन्दूकले तर्साउन सकिन्छ, मान्छेको मन जित्न सकिन्न । राजनीतिक माहोल देखाउन सैन्य बल काम लागे पनि राजनीतिक मोर्चाको निर्णायक मोडमा जनसमर्थन नै चाहिन्छ । पुरानाले जनविश्वास गुमाए, यही परीक्षामा छ, यो नयाँ शक्ति ।

विज्ञहरूका अनुसार राज्यलाई विश्वास गर्न नसक्नेले कसैलाई पनि विश्वास गर्न सक्दैन । सबैभन्दा ठूलो रोग अहंकार हो, यसलाई गाजल पुछेझैं पुछ्नैपर्छ । अन्यथा यही रोग क्रोनिक बन्छ र आज देखिएको फलामे बार भोली खिया लागेर झरिसकेको हुनेछ ।

फेरि पनि भनौं, नेपालको इतिहास हेर्ने हो भने बिद्रोही सेनाको सर्जक नेपाली कांग्रेस नै हो । नेपाली कांग्रेसले २००७ सालमा प्रवासबाट लैनछोकडा ल्यायो, तिनका काँधमा बन्दूक भिराएर मुक्ति सेनाको नामबाट विद्रोह गरेको थियो । राणाको पुलीस राम दल र कांग्रेसको मुक्ति सेना मिलाएर नेपाल प्रहरी गठन गरिएको हो । त्यसपछि सत्य, सेवा, सुरक्षा बोक्ने नेपाल प्रहरी बन्यो । त्यो नेपाल प्रहरी पहलसिंह लामाको नेतृत्वमा गठन गरिएको थियो । अर्थात्, नेपाल प्रहरीको जग बिद्रोही र राज्य डफ्फाबाटै सुरु भएको हो । पहलसिंह लामालाई पछि राजदूत पनि बनाइयो ।

कांग्रेसले झैं माओवादीले जनमुक्ति सेना र वाईसीएल गठन गरेर आफ्नो बर्चस्व कायम गरिछाड्यो । कांग्रेसको मुक्ति सेनाको स्केल सानो थियो, माओवादीको सेना र वाईसीएलको जमात ठूलो छ । यो सुरक्षा समितिमा समेत बिस्तार हुनपुगेको छ । इतिहासका अनुसार केही मुक्ति सेनालाई नेपाली सेनामा मिलाउने काम पनि भयो । बिद्रोहीलाई राजा महेन्द्र र वीरेन्द्रले सेना र प्रहरीबाट २-२ जना एडीसी लिने दरबन्दी बढाएर दरबारिया दीक्षान्त ब्रतबन्ध पनि गरिएको दृष्टान्त छ । माओवादी त्यही धङ्-धङ्पालेर आफ्ना युद्धकालीन जनमुक्ति सेनालाई नेपाली सेनामा समायोजनको माग गरिरहेको छ । जनमुक्ति सेना नेपाली हुन्, तिनलाई उचित स्थान दिनु राज्यको कर्तव्य हो । तिनीहरूको व्यवस्थापन नभई शान्ति प्रकृया तार्किक निष्कर्षमा पुग्दैन, यो पनि सत्य हो । बिद्रोहीको सामाजिकीकरण हुनैपर्छ तर राजनीतिभित्रको राजनीति लखनौको भुलभुलैयाजस्तो भुलाउने खालको छ ।

आदर्श र नैतिकताको तराजुमा जोखिन नसक्ने नेताहरू उनीहरूको व्यवहारले नै भुत्ते बन्न थालेका छन् । क्रान्तिकारी र लोकतन्त्रवादीहरू नर्वे वा चीनको शपथग्रहण र कार्यशैली अपनाउन सक्दैनन् । सँधै नयाँ गरुँ, नयाँ बनुँ भन्ने नेताहरू भ्रष्टाचारको पोखरीमा नाङ्गै डुबुल्की मार्न पुग्छन् । यसका अनेक दृष्टान्तहरू देखिइसकेका छन् । जनताको सम्मान गर्न नसक्ने नेताहरू महिषपुजनदेखि कमलनयनाचार्य, कालिबाबा, चन्द्रास्वामी, दीनवन्धु पोखरेलसम्मका गुरुचरण स्पर्शको स्तरसम्म झरिसकेका छन् । संस्कृति, पुरातत्व र इतिहास मास्नेहरू शप्ताहदेखि महायज्ञसम्मको आराधना पनि देख्न थालिएको छ । लोकराज्यमा रोमको भ्यालेन्टाइन दिवस (प्रणय) धुमधामले मनाउने परम्परा बसिसक्यो । चर्चा छ- योनी दिवसको ।

कर्तव्य पुरा गर्न र लोकतन्त्रलाई संस्थागत गर्न स्टिल र इस्पात बन्नुपर्ने नेताहरू सिमलको भुवाजस्तो हलुका भएका छन् । नेताले जनतालाई झुक्याएका सन्दर्भमा दार्शनिक नित्सेको एउटा भनाई सम्झनु उपयुक्त होला- 'म तिमीले ढाँटयौ भन्नेमा निराश छैन । अब तिमीमाथि विश्वास गर्न नसक्ने भएकोमा म निराश छु ।' यी सबै प्रसङ्गका सन्दर्भमा एकै बाक्यमा भनौं- बाँच्नका लागि खाने कि खानका लागि बाँच्ने ? देश कुल्चेर दिल्लीलाई परमेश्वर मान्नु राजनीति होइन, मुखुण्डो खोलेर नेपाली अनुहार देखाऔं, त्यो राजनीति हो ।

र, बुझौं- नयाँ नेपाल भनेको नाङ्गै हुनु होइन ।

## फुटबलमा नेपाल वान विजयी

नेपाल वान र तराई टेलिभिजन बिच भएको मैत्रिपुर्ण फुटबल खेलमा नेपाल वान विजयी भएको छ । काठमाडौंको च्यासल मैदानमा भएको खेलमा नेपाल वानले तराई टेलिभिजनलाई १का बिरुद्ध ३ गोलले पराजित गरेको हो । निक्कैनै प्रतिस्पर्धात्मक खेलको पहिलो १० मिनेटमै गोल गरेर नेपाल वानले तराई माथि दवाव सिर्जना गरेको थियो । नेपाल वानका लागि बिनेद मैनालीले खेलको ८ औ मिनेटमा उत्कृष्ट प्रहार गर्दै बललाई बिपक्षिको जाली चुमाएका थिए । लगाता आक्रमणमा गर्न आतुर दखिएको नेपाल वाले पहिलो हापको २८ औ मिनेटमा आएर बराबरी गोल खान पुगेको थियो । रक्षा पंतिमा रहेका खेलाडिहरू बित तलमेल मिल्न नसक्दा नेपाल वानले बराबरी गोल खाएको थियो । १-१ गोलको बराबरीमा सकिएको पहिलो हापमा नेपाल वाले गोल गर्ने धेरै अवसरको सिर्जना गरेको थियो । तर मैदानमा हिलो भएको कारण बिपक्षको पास्ट प्रहार गरेको बलले सहि दिसा लिन सकेन् । एक गोल खाएको तराई टेलीभिजनले पनि आफ्नो आक्रमता बडाउनु प्रयास गरेको थियो तर नेपाल वानका कप्तान मंगल रक्षा पंतिमा पर्खाल भएर उभिदा तराई गोल पेस्ट सम्म पनि गोल पुऱ्याउन असफल बनेको थियो । खेलमा नेपाल वानका कप्तान मंगलले बिपक्षिको एक दर्जन गोल गर्ने मुभलाई बिफल बनाईदिएका थिए । बराबरीमा नलिरहेको दोस्रो हापमा नेपाल वानले पनाल्टि मार्फद दोस्रो गाल गर्दै खेललाई २-१ को स्थितिमा ल्याएको थियो । तराई टेलीभिजनका एक खेलाडीले डि बक्स भित्र ह्यान्ड बल गरेपनि नेपाल वानले पेनाल्टि प्रहार गर्ने अवसर पाएको थियो । पाएको पेनाल्टिलाई नेपाल वानका कप्तान मंगलले उत्कृठ प्रहार गर्दै गोल गरेका थिए । २-१ले पछि परको तराई, खेल सकिन ८ मिनेट अगाडि थप एक गोल खान पुगेको थियो । नेपाल वानका लागि तेस्रो गोल सोनामले गरेका थिए । ३-१ले अघि रहेको नेपाल वानले अन्तिम १० मिनेट रक्षा पंति बलियो बनायो र खेलमा जित हात पाऱ्यो । खेलमा नेपाल वानका लागि कप्तान मंगल, बिनोद मैनाली, लगाय सबै खेलाडीले राम्रो प्रदशन गरेका थिए । बिशेष गरी नेपाल वानका लागि मंगलले उत्कृट प्रदषण गरेका थिए ।

## अखिल कप टेवल टेनिसको समापन

नेकपा एमालेका महासचिव इश्वर पोखेलको प्रमुख आथित्यतामा सम्पन्न भएको अखिल कप अन्तर कलेज टेवल टेनीस प्रतियागीताको आजको फाइनल खेलमा पुरुष एकल तर्फ प्राइम कलेजका प्रदिप रोकाले प्राइम कलेजकै प्रविण सेर्पालाई ११-५, ११-५, ५-११, १६-१८, ११-९ को निक्कै प्रतिस्पर्धातमक तवरले हराएर प्रथम स्थान हाँसील गरेका छन् । त्यस्तै महिला एकल तर्फ भएको फइनल खेलमा प्राइम कलेजकी रविना महर्जनले प्राइम कलेजकै अस्मिता श्रेष्ठलाई ११-७, ११-८, १३-११ को सोभो सेटमा स्तब्ध पार्दै सोर्ण पदक चुम्न सफल भएकी छन् । त्यस्तै गरी मिक्स डवल अन्तर्गत भएको आजको निक्कैनै प्रतिस्पर्धात्मक खेलमा प्राइम कलेजको प्रभिन सेर्पा र रविना महर्जनको जोडीले प्राइम कलेजको प्रदिन रोका र अस्मिता श्रेष्ठलाई ११-६, ११-९, ११-१३ र ११-७ ले स्तब्ध पार्दै प्रथम स्थान हाँसील गरेका छन् ।

त्यस्तै गरी तृतिय स्थानमा पुरुष एकल तर्फ गोल्डेन गट कलेजका सोनु गुप्ता र सोही इभेन्टमा प्राइमकै बिनेस खनियाले सान्तवना स्थानमा चित्त बुझाएका छन् । त्यस्तै महिला एकल तर्फ कोलम्बस कलेजकी मिरा अधिकारीले तृतिय र किस्ट कलेजकी मिना महर्जनले सान्तवना स्थान प्राप्त गरीन । त्यस्तै मिक्स डवल अन्तर्गत कान्तिपुर सिटी कलेजको दिपक श्रेष्ठ र रिना श्रेष्ठको जोडीले तृतिय स्थान प्राप्त गऱ्यो भने ह्वाइटफिल्ड कलेजको रुविक बज्राचार्य र सोनु नेपालीको जोडीले सान्तवना स्थानमा चित्त बुझाउनु पऱ्यो । विजयी खेलाडी तथा कलेजलाई नेकपा एमालेका महासचिव इश्वर पोखेल र अनेरास्ववीयूको खेलकुद विभाग प्रमुख नवराज पौडेलले अध्यक्षतामा पुरस्कार प्रदान गर्नुभयो ।



## बिजुली बलेपछि स्थानीयवासी हर्षित

परासी । नवलपरासी जिल्लाका पहाडी गाविसको विभिन्न खोलाबाट लघुजलविद्युत् प्लान्ट जडान गरी गाउँ उज्यालो पारेपछि स्थानीयवासी हर्षित भएका छन् । सुगम जिल्ला मानिने नवलपरासीको दुर्गम क्षेत्रका विभिन्न १७ वटा गाउँ विकास समितिमा विभिन्न खोलाबाट दर्जनौं स्थानमा पेल्ट्रिकसेट, लघुजलविद्युत् प्लान्ट जडान गरी गाउँ झिलिमिली बनाएका हुन् । डाँडाझेरी, उपल्लो अर्खला, डेढगाउँ, रकुवा, धौवादी, राँकाचुली, कोटथरलगायतका गाविसको विभिन्न खोलाबाट विद्युत् निकालिएको हो । जिल्लाको पहाडी गाविस बुलिगाटारमा मात्रै आधादर्जन पेल्ट्रिक सेट र लघुजलविद्युत् प्लान्ट छ । पहाडी क्षेत्रमा वैकल्पिक ऊर्जाको माग बढ्दो रहेकाले जलविद्युत्बाहेकका सौर्य ऊर्जा, बायु ऊर्जा, डिजलप्लान्ट, बायोग्यास, उन्नत चुलोको पहाडी गाविसमा अभियानकै रूपमा लगिने जिल्ला विकास समिति ऊर्जा तथा वातावरण इकाइले जनाएको छ ।

## मरेका...

भन्न हिचकिचाएनन् । लावतीले माओवादीसँग पनि कुरा भइरहेको र राजनीतिक निकास निस्कनसक्ने बताएका छन् । बुढाहरूको भेलामा युवाहरूलाई नबोलाउनुले सत्ताका लागि ऱ्याल काड्ने काम मात्र गरेको त होइनन् भन्ने धेरैले प्रश्न गरेको छन् ।

## संविधानसभा...

आफ्नो नेतृत्वमा सरकार बनाउने षड्यन्त्र भनेर नकारिरहेका छन् । यता एमालेकै नेता केपी ओलीले हिंसाको सोच र औजार हातमा लिएको माओवादीलाई सरकारको नेतृत्व दिन नसकिने खुल्ला वकालत गरिरहेका छन् । बाँकी साना दलहरू एमाले मधेशी दलझैं तटस्थ छन्, केही यताउता भौतारिएका देखिन्छन् ।

यसरी सहमतिबाट अघिबढेका राजनीतिक दलहरू एक अर्काप्रति सशंकित र भयभित अवस्थामा पुगेका छन् । एकले अर्कालाई पटक्कै विश्वास गर्दैनन् । यही विश्वासको संकटका कारणले संविधानसभाले ५ पटकको निर्वाचनबाट समेत एकजना प्रधानमन्त्री छान्न नसकेर नामर्दपन देखाएको छ । संविधानसभा पुरै नाङ्गिसकेकाले सर्वत्र आवाज उठ्न थालेको छ, संविधानसभा भङ्ग हुनुपर्छ, ताजा जनादेशका लागि निर्वाचन हुनुपर्छ । खन्चुवा दलहरू जनताको आवाज सुनिरहेका छैनन् ।

## भदौ...

सहमत भइसकेका छन् ।

यसअघि ल्याएको पेश्की बजेटले असोजसम्म पनि धान्न नसकिने र कार्मचारीले दशैं पेश्कि पाउन सक्ने अवस्थासमेत नरहेको खुलासा भइरहेको छ । आर्थविदहरूले पनि नयाँ सरकारलाई नकुर्न र पूर्ण बजेट ल्याउन सुझाव दिएका छन् । पूर्ण बजेटका लागि माओवादीले मात्र हुन्छ हुन्नको दोधारे नीति लिएको अर्थ स्रोतले बताएको छ । नयाँ सरकार नबनेको, बजेट नआएको कारणले स्रोत जुटाउन गाह्रो परेको गुनासो अर्थको रहेको छ ।

## किन...

मार्ग बनाउने पार्टीले सरकारको नेतृत्व गर्न पाउनु पर्ने माग सहित अगाडि बढेका खनाल माओवादीको पुच्छर समाएर प्रधानमन्त्रीको वैतर्णी गर्ने तयारीमा भएपनि नेकपा एमालेका अन्य नेताहरू भने माओवादीसँग कुनै हालतमा पनि सहकार्य गर्न नहुने पक्षमा अडिग रहेपछि खनाल पक्षीय नेताहरू दिनहुँजसो माओवादी नेतृत्वसँग गोप्य छलफलमा व्यस्त रहेको एमाले सुत्रको दाबी रहेको छ ।

माओवादी नेतृत्वसमक्ष खनाल आफैंले राखेका तीन सर्तहरू पूरा नभएको अवस्थामा र जेठ १४ गते मध्यरामतमा भएको ३ बूँदे सहमतिको प्रथम बुँदासमेत माओवादीले पालना नगरेको अवस्थामा माओवादीसँग नेकपा एमालेले सहकर्य गर्नु भनेको माओवादीसँग आत्मसमर्पण गर्नु सहर हुने राजनीतिक विश्लेषकहरूको विश्लेषण रहेको छ । जबसम्म माओवादीका पूर्व लडाकूहरूको व्यवस्थापन र समायोजन, बाईसीएलको अर्धसैनिक संरचना भङ्ग र कब्जामा लिइएका सम्पत्ति फिर्ता हुँदैन तबसम्म माओवादीसँग सहकार्य गर्ने दलहरूले आत्महत्या गर्नुसरह हुने भएकाले दलहरूले सोच्नु आवश्यक छ ।

## संविधानसभाको...

तरल राजनीतिमा ध्रुविकरण देखिन थाले पछि स्वभाविक घटना पनि हो ।

जे होस् अर्को गाइजात्रे नाटक आगामी २० गते देखाइने छ र नेपाली जनाता र विश्व एक पटक फेरी पेट मिची मिची हाँस्न पाउने भएका छन् ।

## नेपाली...

नेपाली सेना अनमिनले सेना र लडाकुलाई एउटै दर्जामा राखेको र लडाकूलाई अनावश्यक छुट दिएकोमा असन्तुष्ट छ । विद्रोही माओवादी प्रतिस्पर्धाको राजनीतिमा आइसकेकाले अनमिनको काम नभएको र थप व्यवस्थापन नेपाली आफैंले गर्नसक्ने सेनाको धारणा सही देखिन्छ । हुन पनि शान्ति मिसन भनेर राष्ट्रसंघ जुन जुन देशमा गएको छ, त्यहाँ न शान्ति स्थापित हुन सकेको छ, न त मिशन सजिलै फर्केको छ । अनमिन प्रमुख करिन लेन्डग्रेनले म्याद थप गर्न धुर्की र दवाव दिन थालिसकेकी छिन् । नेपाली नेताहरूले अनमिनको चलाखी बुझ्लान र ।

## लडाकूलाई...

कतिपय सामाजिकीकरण हुन चाहने, विदेश जान चाहने र राजनीतिमा चासो भएका पनि छन् । उनीहरूलाई विशेष नगद दिएर व्यवस्थापन गर्न सजिलो छ भने बाँकी सेना वा अन्य सुरक्षा निकायमा समायोजन हुन सक्छन् । लडाकु समायोजन समस्या सुल्झनु भनेको शान्ति र संविधानको राजमार्ग खुल्नु पनि हो ।

जनयुद्ध गर्दै जंगल गएर निस्केका लडाकूले वनको रक्षक बन्न मञ्जुर गरे भने वन विनासको कहाली लाग्दो समस्याबाट पनि मुक्ति मिल्नेछ । एनेकपा माओवादी शान्ति र संविधान चाहन्छ भने लडाकूलाई वन सुरक्षा बलमा व्यवस्थापन गर्न सधाउनु जरुरी छ भन्ने आम राय देखिन्छ ।

## नयाँ...

पहिले पनि त्याग गरेको हो, जनताको चाहनाअनुसार फेरि फर्केको छ । यस्तो फेरि हुन सक्दैन भन्न सकिन्न । परिस्थितिले जनता फेरी राजसंस्थाप्रति आस्था राख्न थालेका छन् । हामी २०१० मा छौं । राजसंस्थापनि परिवर्तन हुनसक्नु पर्छ । हो मेरा कमी कम्जोरी थिए होलान । मैले जनतासँग माफी मागिसके र मैले सिंगापुरबाट जे हुन्छ जनताको व्यालेटबाट हुन्छ भनेको थिएँ, त्यसलाई बङ्ग्याइयो । मेरो विश्वास जनतामा छ । राजतन्त्र जसरी मारिएको त्यो जनमत संग्रहमा जनु पर्ने विषय थियो । राजनीतिक निर्णयबाट राजतन्त्र हटाइयो । राजनीतिक निर्णयबाट राजतन्त्र पुस्थापित हुनसक्छ, कि सक्दैन ?

पूर्व युवराजले अन्तर्वार्तामा स्पष्ट भनेका छन्, जनताले देशलाई अवश्यकता छ भने राजतन्त्र पुनर्स्थापित हुन सक्छ । यसका लागि सबै स्पष्ट हुनुपर्छ । सांस्कृतिक राजाका कुरा उठेको छ । के हो सांस्कृतिक राजा भनेको ? प्रष्ट भएको छैन । राजतन्त्र भूमिकाविहीन हुनुहुन्न । राजतन्त्र आउने भनेको संविधानमा रहने हो । भूमिका के हुने संविधानमा स्पष्ट हुनुपर्छ । विदेशीले चलाउन्जेल संविधान लेखिन गाह्रो छ । नेपाली मिले लेख्ने हो भने सजिलै संविधान लेखिन्छ । नेपाली जनताले कुनै न कुनै रुपको राजतन्त्र चाहिन्छ भनेर राम्ररी बुझेका छन् । राजतन्त्रको आवश्यकता जनताबाट बुझेर अगाडि आएका हो । नेपालमा नयाँ भर्सनको राजतन्त्र आउँछ । पूर्व युवराज पारस शाहको यो अन्तर्वार्ता अत्यन्त चर्चित राजनीतिक प्रसंग बन्न पुगेको छ ।

# सामाजिक सद्भावका निमित्त फागु

*- सुरक्षा ठाकुर*

असत्यमाथि सत्यको विजय मा आधारित होली को शुरुवात भयो । होली लाई ३ वर्ग मा विभाजन गरी हेर्न सकिन्छ । धार्मिक, सामाजिक, व्यवहारिक - धार्मिक ग्रन्थ अनुसार हिरन्यकश्यप को छोरा प्रल्हाद जो आफू एउटा राक्षस वर्ग मा परेर पनि देउताहरूको पूजा गर्ने गर्थ्यो । इश्वर प्रति विश्वास र आस्था राख्दथे । यो कुरा हिरन्यकश्यपलाई मन पर्दैनथ्यो । फलस्वरुप उसले आफ्नो छोरा लाई धेरै पटक मार्ने प्रयत्न पनि गर्यो तर सफल भएन । एकदिन हिरन्यकश्यप को बहिनी होलीका ले एउटा वरदान पाएकी थिइ । होलीका सगँ एउटा सल थियो जुन सल ओढेपछी होलीका आगोमा बसे पनि जल्दैनथे । यही कुराको फायदा लिनलाई हिरन्यकश्यपले होलीका लाई प्रल्हादलाई लिई आगोमा बस्ने अग्रह गरे । होलीकाले प्रल्हादलाई काखमा बोकी आगोमा बसी । त्यसपछी प्रल्हादले विष्णु को जाप गर्न थाले । एकैछीनमा जोडको हुरी वतास चल्यो र होलीकाले ओढेकी सल उडेर प्रल्हादको शरीर माथि आयो । त्यसपश्चात होलीका डरेर खरानी भई र प्रल्हाद विष्णुको जाप गर्दै बाहिर निश्के । नेपालमा होली दुई दिन मनाउने चलन छ । यस्को पनि अफ्नै पौरानिक विचार छ । जतिवेला होलीका प्रल्हादलाई बोकी आगोमा वसी, त्यतीबेला नै राक्षस प्रवृतीले अब प्रल्हाद मर्ने भो भनी त्यतीखेर नै खुशीयाली मनाए, अविर लगाए । तर अन्तमा जित सत्यको भयो र प्रल्हाद ले विजय पाए । त्यसपछी देवताहरूले होलीका जलेको खरानी लगाई खुशीयाली मनाए । यसरी असत्यमाथि सत्यको विजय भयो र होली पूर्णिमा दुई दिन मनाउन थालियो ।

सामाजिक ग्रन्थि अनुसार होली भनेको रिस राग हटाउने दिन हो । यसदिन वर्षै भरि नबोलेका व्यक्तिहरू पनि आफ्नो रिस हटाइ मेलमिलाप गरी एक अर्कालाई अबिर लगाई रमाइलो गर्ने गर्छन् । होलीलाई विभन्न नाम ले पनि उल्था गरिन्छ । यसलाई मेलमिलाप दिवस, प्रेम दिवस, सद्भाव दिवस, फागू पूर्णिमा भनि पनि नाम दिईन्छ । होलीले नयाँ सम्बन्ध को शुरुवात गर्छ र सामाजिक बन्धन लाई दरिलो बनाउँछ ।

तर व्यवहारिक कुरामा सकारात्मक र नकारात्मक दुवै पक्ष छन् । जस्तै सकारात्मक पक्षमा फागूका दिन आफुभन्दा ठूलावडाका खुट्टामा अविर राखि आशिर्वाद लिइन्छ । मिठो मिठो पकवान वनाइ खाने गरिन्छ । विभिन्न नाच, नाटक गरि रमाइलो को साथ होलीलाई मनाइन्छ । फागूलाई रगंको दिन पनि भनिन्छ । Day Of Colours तर यस्को नकारात्मक पक्ष पनि धेरै छन् । जसमा उपत्यका भित्र होली आउनु पूर्व नै केही दिन अगाडी देखी नै बाटोमा हिडीरहेको व्यक्तिलाई लोला हानी गाह्रो गर्ने, विभिन्न प्रकारको दूर्घटनाहरू निम्त्याउने, फागू पूर्णिमा का दिन होली भन्दै भाँग-गाँजा र धतुरो पनि खाने चलन छ । यसदिन भगवान को प्रसाद को नाम दिइ लागू पदार्थ सेवन गर्ने र विभिन्न प्रकारका दूर्घटनाहरूलाई निम्त्याउने गर्छन् आजका युवा वर्गले जुन पटक्कै राम्रो कार्य होईन । होली भनेको सम्मान र सद्भाव को साथ मनाउने चाड हो । यसलाई भावनात्मक सम्बन्ध प्रगाढ राख्नका लागि । एवं अवीर खेलेर हर्षो उल लासका साथ मनाइनुपर्ने हो । तर कहिले काहि यसलाई अश्लिल तरीका ले पनि मनाउने गरिन्छ । तराईतिर सम्बन्धको आडमा आएर होलीको दुरुपयोग पनि गर्ने गर्छन् । अविर लगाउने निहुमा सवेंदनशील अहरूमा छोएर होलीलाई अपमानित तरिकाले पनि मनाइने गर्छन् जुन सहि कुरा होइन । उपत्यका भित्र अहिले पनि छत माथि बाट फोहोर पानी फ्याक्ने, विषाक्त पदार्थ मिसाउने कार्य जारि नै छ ।

किन फागू पुर्णिमा लाई यसरी अपमानित गरेका हुन् आजका युवा वर्गले ? किन होलीलाई विकृती का रुपमा लिनथालेका छन् ? किन होली आउनु पुर्व नै मानिसहरू बाहिर निस्कन डराउँछन् ? जब कि यसलाई त हर्षोल्लासको साथ, सद्भावको साथ स्वागत गर्नुपर्ने हो । फागू पूर्णिमा सामाजिक सदभावका रुपमा मनाइने धार्मिक पर्व हो । यसले सामाजिक एकता, पारस्परिक सम्बन्ध र समाजमा, परिवारमा मेलमिलाप बलियो र सुदृढ बनाउँछ । होलीलाई राम्रो रुपबाट हेर्ने हो भने यसले रिस, मनमुटाव छोडेर नयाँ जिवनका निमित्त आफ्नो गलत कर्म सबै पखाल्ने गर्छ । होली पूर्णिमा लाई सबै मिली शान्ति, सुरक्षा का साथ स्वागत गर्न सिकौं जसले पुरै वातावरणलाई रगंमय, सुखमय र यादगारमय बनाउन सफल होस् । सबै मिली फागू मनाऔ ।

(मधेश दपर्ण फिचर सेवा)

# सिमेन्ट उद्योग भागाभाग

काठमाडौं / सिमेन्ट भनेर कंक्रिटको धुलो बेच्ने ६ सिमेन्ट उद्योग कारबाहीमा परेपछि सिमेन्ट कम्पनीहरू कोही भागमभाग गर्न थालेका छन् भने कोही प्रष्टिकरण छाप्दै आफ्नो अनुहार राम्रो छ भन्न थालेका छन् । गुणस्तरहिन सिमेन्ट बेच्ने छ कम्पनी महालक्ष्मी, सुपर क्वालिटी, रिलायन्स शक्ति, त्रिशक्ति, जगदम्बा निर्माण सिमेन्ट उद्योग कारबारहीमा परेपछि सिमेन्ट कम्पनीको भण्डाफोर भएको हो । यी ६ कम्पनीका सिमेन्ट प्रयोग गरेर घर निर्माण गर्नेहरू घर भत्किने पो हो कि भनेर पसिना छुटाउन थालेका छन् । वाणिज्य विभागको अनुसन्धानअनुसार यी ६ कम्पनीको सिमेन्टले भार थाम्न नसक्ने र पकड मजबुत नरहेको देखिन्छ । पैसा खुवाएर गुणस्तर चिन्ह लिएका सिमेन्ट उद्योगहरूले जनताको अधिक शोषण गरिरहेको रहस्य पनि खुलेको छ ।

कारबाहीमा परेका र पर्न सक्ने अन्य सिमेन्ट उद्योगको छाता संगठनले उद्योगहरूलाई बचाउन अघिसर्दै राजनीतिक पहल सुरु गरेको छ । वाणिज्य विभागको कारबाही फिर्ता गराउने निर्णय गर्दै संघले सरकार माथि पनि दवाव दिन थालेको छ । ढुङ्गाको धुलोलाई सिमेन्ट भनेर बेच्ने र जनताको पैसा घुस खुवाएर गुणस्तर चिन्ह लिने कम्पनीको जीत वा हारमा राजनीतिक दलहरूको भूमिका के हुने हो ? हेर्ने विषय बनेको छ ।


**प्रशिक्षार्थी पत्रकार बनी काम गर्न इच्छुक छात्र छात्राहरूले यस पत्रिकाको कार्यालयमा सीधा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।**

**सम्पर्क**

**पूर्वाञ्चल ग्राफिक्स डिजाइन**

**बागबजार,पिके अगाडि**

**फोन : ९८४९२५९२३५,९७४१२४९१७२**



**हाम्रा हरेक कदमहरु राष्ट्रिय स्वार्थबाट प्रेरित हुने संस्कृतिको विकास गरौं ।**

**नेपाल सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

**सूचना विभाग**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौ, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर